# भयको तस्बिर

(बालकथासङ्ग्रह)

अपेक्षा बास्तोला

प्रकाशक

भवानी पाठक

# भयको तस्बिर

लेखक : अपेक्षा बास्तोला
सम्पादक : केशरी अम्गाई
विधा : कथा
प्रकाशक : भवानी पाठक
संस्करण : प्रथम, वि.सं. २०८१ (१००० प्रति)
चित्र तथा आवरण कला : रवीन्द्र मानन्धर
कम्प्युटर सेटिङ : वसन्तराज अज्ञात
सर्वाधिकार : लेखकमा
मूल्य : रु. १५०।-
मुद्रक : मिसन प्रिन्टर्स एन्ड पब्लिकेसन, काठमाडौँ

ISBN : 978-9937-1-7094-9

# लेखकीय

स्कुलमा कथा लेखनको प्रशिक्षण आयोजना भयो। विजयराज आचार्य सरले हामीलाई कथा लेखनको ढङ्ग सिकाउनुभयो। कथा लेख्ने विषय त मलाई बाबाले सुनाएका उहाँकै विगतका घटना र कहानी छँदै थिए। मैले खेस्रा कथा लेखेँ, सुस्मा सानी र साकार मामालाई सुनाएँ। 'वाउ कति राम्रो !' भनेर मलाई हौस्याउनुभयो। मामुले टाइप गरिदिनुभयो। केशरी सरले कथा हेरेर सुझाव दिनुभयो र अब सङ्ग्रह निकाल भन्ने सल्लाह दिनुभयो।


कथा सुन्दा घरमा बुवामुमा मक्ख पर्नुभयो। मामाघरमा बाआमा गद्गद् हुनुभयो। मेरा सानातिना हर सफलतामा हर्षित हुने भगवती सानी र सुधा सानीले पनि मैले लेखेका कथा देखेपछि प्रकाशित गर्न हौसला दिनुभयो। यसरी सबैको सल्लाह र सहयोगमा यी कथा प्रकाशित हुन सम्भव भयो। म सबैप्रति आभारी छु। पहिलो कृतिका रूपमा यो कृति हजुरको हातमा छ। यो कस्तो भयो हजुरहरूबाट प्रतिक्रिया प्राप्त हुनेछन्। तिनै सुझाव र प्रतिक्रिया मलाई आगामी दिनमा परिष्कृत हुन सहयोगी हुनेछन् भन्ने विश्वास लिएकी छु।

**अपेक्षा बास्तोला**

२०८१ श्रावण १ गते, मङ्गलबार — काठमाडौँ

## कथाक्रम


| | | |
|---|---|---|
| १. | इमानसिंहको इमान | ५ |
| २. | पुन्टेलाई अंश : फुटेको थाल | ८ |
| ३. | बुबाको डर | १० |
| ४. | भयको तस्बिर | १३ |
| ५. | भैरवको फिर्ती | १६ |
| ६. | मनको बाघ | १९ |
| ७. | मिहिनेती रमा | २१ |
| ८. | स्वर्ग जाने बाटो | २३ |
| ९. | हर्कजितको सङ्घर्ष | २६ |



# इमानसिंहको इमान

कुरा अलि पहिलाकै हो । बुधबारको दिन थियो । इमानसिह दिनभरि पढेर चार बजे घर फर्कंदै थियो । घर जाने बित्तिकै उसले गृहकार्य गर्न सुरु गऱ्यो । केहीबेर गृहकार्य गरेपछि खाना खाएर सुत्नका लागि ओछ्यानमा गइहाल्यो तर ऊ घण्टौँसम्म सुत्न सकेन । भोलि बिहीबारको दिन उसको गाउँमा साप्ताहिक हाटबजार लाग्थ्यो । बिहीबार मात्र हाट लाग्ने भएर त्यस बजारलाई बिहीबारे बजार भनिन्थ्यो । इमानसिंहलाई उसकी आमाले हप्ताको हरेक बिहीबार एक रुपियाँ बजार खर्चका लागि दिनुहुन्थ्यो । आफ्ना अरू कुनै साथीले यसरी बजार खर्च नपाउने भएकाले ऊ एक रुपियाँ पाउँदा पनि मक्खै पर्थ्यो। त्यो रात अबेरसम्म उसको मनमा भोलि के के किन्ने होला ? के के खाने होला भन्ने बारेमा अनेक तर्कना चलिरह्यो । निकै प्रयासपछि बल्ल उसलाई निद्रा लाग्यो ।

भोलिपल्ट ऊ सात बजे मात्र बिउँझियो । ऊ हतारहतार घाँस काट्न गयो । एक डोको घाँस काटेर फर्कंदा नौ बजिसकेको थियो । हतारहतार खाना खाएर विद्यालयतर्फ लाग्यो । बिहीबारको दिन वरपरका सबै विद्यालय दुई बजे नै छुट्टी हुन्थे । छुट्टीपछि ऊ उसैगरी हतारहतार घर गयो र आमालाई खोज्न थाल्यो । आमालाई देख्ने बित्तिकै उसले पैसा माग्यो, "आमा, पैसा दिनु न, बजार जाने बेला भइसक्यो ।" सायद आमासँग त्यस दिन पैसा थिएन होला । त्यसैले आमाले झर्किंदै भन्नुभयो, "अहिले नकरा, पछि दिउँला ।"

छिटोछिटो हाट जान हतारिएको इमानसिंह पैसा नपाउँदा रुँला झैँ गऱ्यो । ऊ आँगनमा गएर मलीन अनुहार बनाएर बस्यो । सबै जना बजारतर्फ लाग्दै थिए । अरू यसरी रमाउँदै गर्दा उसलाई भने झनै नरमाइलो लाग्यो । त्यही बाटो हुँदै उसका काका पनि बिहीबारेतिर जाँदै हुनुहुन्थ्यो । इमानसिंहलाई निराश देखेर उहाँले प्रश्न गर्नुभयो, "के भयो कान्छा, किन रुन्चे मुख लगाएर बसेको, बजार नजाने ?"

"आमाले पैसा नै दिनुभएन ।" उसले निन्याउरो मुख लगाउँदै भन्यो । त्यो सुन्ने बित्तिकै काकाले आफ्नो कोटको खल्तीमा हात हालेर पैसा निकाल्नुभयो । त्यहाँबाट उहाँले सकेसम्म सानो नोट निकाल्न त खोज्नुभयो तर त्यस दिन दश रुपैयाँभन्दा सानो नोट काकासँग रहेनछ । उहाँले इमानसिंहलाई त्यही दश रुपियाँको नोट दिनुभयो । अब इमानसिंहका हातमा दश रुपियाँ थियो । सधैँ एक रुपियाँ पाउने उसले त्यस दिन दश रुपियाँ पाउँदा ऊ जति खुसी त को नै थियो होला र ? ऊ हत्तपत्त बजारतिर लागिहाल्यो ।

सबैभन्दा पहिले ऊ डोल्मा आमाकहाँ खिर खान गयो । "आमोई, एक प्लेट खिर दिनु न ।" उनले एक प्लेट खिर उसलाई दिइन् । टन्न खिर खाएपछि उसले दश रुपियाँको नोट दियो । दश रुपियाँ त्यति बेला सानोतिनो कुरो थिएन । त्यो पनि बच्चाको हातमा । डोल्मा आमाले भनिन्, "कहाँबाट ल्याइस् यत्रो पैसा ? बाबाको चोरिस् कि क्या हो ? ल भइहाल्यो खिरको पैसा तिर्नु पर्दैन । यो पैसा थपक्क लगेर बाबालाई दिइहाल् ।" डोल्मा आमाले त्यति भनेपछि इमानसिंह त्यहाँबाट निस्कियो । उसको दश रुपियाँ त्यहाँ बिकेन ।

त्यसपछि आलुको तरकारी खानका लागि ऊ साइँला दाइकहाँ गयो, टन्न आलुको तरकारी खायो र त्यही दश रुपियाँको नोट दियो । "कहाँबाट आयो यत्रो पैसा ? खाजाको पैसा तिर्नु पर्दैन, यो पैसा लगेर बाबालाई दिइहाल् !" त्यहाँ पनि उसको दश रुपियाँ बिकेन । त्यसपछि राजन दाइकोमा गएर उसले झिल्के मिठाई मागेर खायो र दस रुपियाँको नोट

दियो। राजन दाइले पनि उसैगरी “यो पैसा बाबालाई दिइहाल्” भने। आखिरीमा घर पुगेर बेलुका इमानसिंहले त्यो पैसा बाबालाई दियो। बुबाआमाले इमानसिंहलाई यो पैसा कहाँबाट आयो त भनेर सोध्नुभयो। उसले त्यस दिनभरिका घटनाक्रम बतायो उसका सबै कुरा सुनेर आमाबाबा दुवै खुसी हुनुभयो। बाबाले इमानसिंहको यो इमानदारीका लागि पुरस्कार स्वरूप अबदेखि हरेक हप्ता दुई रुपियाँ बजार खर्च दिने जानकारी दिनुभयो। अब हरेक बिहीबार इमानसिंहको बजार खर्च दुई रुपियाँ भयो। ■



# पुन्टेलाई अंश : फुटेको थाल

शुक्रबारको दिन थियो । पुन्टे विद्यालयबाट घर आयो । भोकाएको पुन्टेले भन्यो "आमा खाजा के खानु ?"

"बाबु, म मिलमा गएर आउँछु । त्यति बेलासम्म तँ बस् । आउने बित्तिकै खाजा बनाइदिइहाल्छु ।" आमा त्यति भनेर मिलतिर लाग्नुभयो । पुन्टे साह्रै भोकाएको थियो । त्यसैले उसले आफैँ रोटी बनाउने निधो गऱ्यो । ऊ हतारहतार हात धोएर भान्सामा पस्यो । उसले सबैभन्दा पहिले पिठो निकाल्यो । त्यसमा पानी हाल्यो र मुछ्न थाल्यो । त्यसपछि उसले एउटा चरेसको थाल निकाल्यो । त्यस थाललाई घोप्टो पारेर ऊ रोटी बेल्न थाल्यो । पछि उसले पाँच-छ चोटि प्रयास गरिसक्दा पनि कहिले पिठो थालमै टाँसिन्थ्यो त कहिले रोटी गोलो नै बन्दैनथ्यो । पहिले नै भोकले चुर भएको पुन्टे, त्यसमाथि आफ्नो लागि रोटी पनि बनाउन नसक्दा रिसले आगो भयो । रिसको तालमा उसले चरेसको थाललाई बेस्सरी बाहिर फालिदियो ।

आँगनको ढुङ्गामा बज्रिँदा थाल त तीन टुक्रा पो भयो । एकछिन अगाडि रिसले आगो भएको पुन्टे अहिले आँगनमा फुटेको थाल देख्ने बित्तिकै डरले कालोनिलो भयो । हत्त न पत्त उसले ती थालका टुक्राहरू टिप्यो र त्यसलाई लुकाउने ठाउँ खोज्न थाल्यो । उसले हतारहतार छानाको ढ्वाँटीमा लगेर त्यसलाई लुकायो ।


जब बेलुका भयो तब आमा पनि आउनुभयो । आमाले पुन्टेलाई खाजा बनाइदिनुभयो । त्यति बेला थालको बारेमा कसैले केही थाहा पाएनन् । त्यो रात त्यत्तिकै बित्यो । भोलिपल्ट खाना खाने समयमा थालको खोजीनिती भयो । त्यति बेला चरेसको थाल ठुलो कुरा थियो किनकि त्यो निकै महङ्गो हुन्थ्यो ।

"बाबु तैँले यहाँ भएको चरेसको थाल कतै लगेको थिइस् ?" आमाले सोध्नुभयो । 'छैन आमा', पुन्टेको यस्तो प्रतिक्रिया पछि सबै जना थाल खोज्नतिर लागे । आमाले भान्साको सबैतिर खोज्नुभयो तर थाल भेट्टाउनु भएन ।

"दिदी, हाम्री आमाले हजुरलाई चरेसको थाल दिनुभएको थियो र ?" पुन्टेले घरघरमा गएर सोध्यो र अन्तमा थालबिनै घर आयो । खोज्दै जाँदा घटनाको दुई दिनपछि आमाको आँखा छानाको त्यो ढ्वाँटीमा पर्‍यो । यसो हेर्दा त्यहाँ केही टल्किरहेको थियो । उहाँले के रहेछ भनेर निकाल्दा त थालका टुक्राहरू पो रहेछन् । चरेसको थाल यसरी टुक्राटुक्रा भएको देखेर आमालाई साह्रै पीर पर्‍यो । थालका टुक्रामा पिठो पोतिएको थियो । त्यो देखेपछि भने यो बदमासी पुन्टेकै हो भनेर आमा निश्चित हुनुभयो किनभने केही दिन अघि पुन्टेले आफूले रोटी पकाउन खोजेको तर रोटी बेल्न नजानेको कुरा बताएको थियो ।

आमाले फकाएर सोध्नुभयो । पुन्टेले डराउँदै आफूबाट भएको गल्ती स्वीकार गर्‍यो । पुन्टेका बुबा कडा मिजासका हुनुहुन्थ्यो । आमाबाट पिटाइ नखाएको ऊ बुबाबाट भने पक्कै पिटाइ खाइन्छ भनेर डरले थुरथुर थियो । केहीबेरमा बुबा आइपुग्नुभयो । घरमा त्यत्रो नोक्सान भएको कुरा बुबासँग लुकाउन सक्ने कुरै थिएन । आमाले छोराको बदमासी बुबालाई सुनाइदिनुभयो ।

बुबाले पुन्टेलाई छेउमा बोलाउनुभयो । पुन्टे हावाले हल्लाएको केराको पातझैँ थुरथुर काम्दै बुबाका सामुन्ने खडा भयो । तर, आज अचम्म भयो । पुन्टेले बुबाका हातको पिटाइ खाएन । बुबाले भन्नुभयो, "तैँले फुटाएको थाल पछि तेरै अंशमा पर्नेछ ।" बुबाको यो कुरा सुनेर पुन्टे त खुसीले फुरुङ्ग भयो । उसलाई भविष्यमा पाइने अंशको भन्दा आजै पिटाइ खाइएला भन्ने पो डर थियो त । ■



# बुबाको डर

राजु मञ्जुश्री स्कुलमा कक्षा पाँचमा पढ्थ्यो । उसको पढाइ राम्रो थियो तर ऊ अति नै चञ्चल स्वभावको थियो । उसले गाली नखाएको सायदै कुनै दिन थियो होला । उसका बुबा त्यसै स्कुलमा शिक्षक हुनुहुन्थ्यो। सानो काम बिग्रिए पनि धेरै त उसले बुबाकै गाली खान्थ्यो। आइतबारको दिन थियो । त्यस दिन पनि उसले आफ्नो चञ्चलताको प्रमाण दिन छुटाएन । राजु कक्षामा यताउता छट्पटिइरहेको थियो । बिहानदेखि नै लगातार पढेको भएर होला कक्षाकोठाबाट निस्कन आतुर थियो । अझ त्यो विषय सकिएपछि खाजा खाने समय सुरु हुने कुराले उत्साह र छट्पटी त झनै बढ्यो । उसलाई त त्यो दिन समय पनि ढिलो बितेको जस्तो लाग्यो । हुन त कक्षा सुरु भएको केवल बिस मिनेट भएको थियो तर उसलाई त्यो पनि घण्टौँजस्तो लाग्यो । त्यो लामो पर्खाइपछि घण्टीको टिनिनी आवाज उसको कानसम्म आइपुग्यो ।

अवाज सुन्ने बित्तिकै सबै जनाले आफ्ना किताब झोलामा हाले र शिक्षकको पछिपछि सबै जना कक्षाबाट बाहिर निस्कए । "छिटो न छिटो !" राजुले ठुलो स्वरमा भन्यो । "एकै छिन न !" साथीहरूले किताब मिलाउँदै जवाफ दिए । केही बेरमै उनीहरू विद्यालय प्राङ्गणमा जम्मा भए । "आज केही खेल खेलौँ न ! नखेलेको पनि धेरै भइसक्यो ।" रमेशले त्यसो भनेपछि सबै जना के खेल्ने होला भन्दै बहस गर्न थाले र अन्त्यमा चोर पुलिस खेल्ने निष्कर्षमा पुगे । ढिलो नगरी उनीहरू खेल खेल्न थालिहाले । खाजा खाने समयभरि तिनीहरू भागदौडमा व्यस्त रहे । भाग्दाभाग्दा आफ्नो विद्यालयभन्दा निकै तल आइपुगेको उनीहरूलाई महसुस भयो । "घण्टी बज्ने समय त हुन लाग्यो ।" हरिले स्वाँस्वाँ गर्दै भन्यो ।

नभन्दै विद्यालयको घण्टी त्यतिबेलै बजिहाल्यो । घण्टीको ठुलो आवाजलाई उनीहरूले टाढैबाट मज्जाले सुन्न सक्थे । अघि घण्टी बजेको सुन्दा त्यस्तो रमाएको राजु अहिले त्यही घण्टी बज्दा भयभीत भयो । ऊ हत्त न पत्त विद्यालयतर्फ कुद्न थाल्यो । विद्यालय कसरी छिटो पुग्ने होला भन्नेबारे सबैलाई चिन्ता लाग्न थाल्यो । सबै जना स्कुलतर्फ दौडन थाले । उकालो चढ्न ओरालो झरेजस्तै सजिलो कहाँ थियो र ! अगाडिदेखि कुदेर लागेको थकाइले पनि उनीहरूलाई छिटो दगुर्न गाह्रो भयो ।

राजुलगायत उसका साथीहरू हस्याङ्फस्याङ गर्दै कुदेर विद्यालयमा पुगे । घडी हेर्दा साँढ़े तीन बजिसकेको थियो । अर्थात् उनीहरूको स्कुलमा त्यस दिनको अन्तिम घण्टी चलिरहेको थियो । विद्यालय आइपुगेपछि राजुका मनमा जुन खुसी थियो त्यो डरमा परिणत भयो । कुरो के थियो भने उसको कक्षामा अन्तिम घण्टीको पढाउने पालो उसकै बुबाका थियो । उसका साथीहरू र ऊ कोही कक्षामा गएनन् । सबै साथीहरूलाई शिक्षकको गाली खाने डर थियो भने राजुलाई आफ्नै बुबाद्वारा सबैको अगाडि गाली खाने डर थियो । "अहिले कुनै खाली कक्षामा लुकौँ, सबै बाहिर निस्किएपछि कक्षामा पसौँला" रमेशले भन्यो । के गरौँ र कसो गरौँको अलमलमा रहेका सबै साथीहरूले रमेशको कुरामा सहमति जनाए । उनीहरू आफ्नो थकित शरीरलाई लिएर अन्तिम घण्टी नबजुन्जेलसम्म त्यहीँ रहे । करिब पन्ध्र मिनेटसम्मको पर्खाइपछि घण्टी बज्यो । हरिले बिस्तारै झ्यालबाहिर हेर्‍यो र भन्यो "सर जानुभयो, हामी पनि कक्षामा जाऊँ ।" त्यसपछि उनीहरू आफ्नो झोला लिनका लागि कक्षामा प्रवेश गरे । सबै जना आआफ्ना झोला लिएर घरतर्फ लागे तर राजु भने आफ्नो झोला नभेट्टाएर खोजेकोखोज्यै भयो । ऊ डरले कालोनिलो हुन थाल्यो ।

साँझ परिसकेको थियो त्यसैले ऊ डराउँदै बिस्तारै घरतर्फ लाग्यो । घर पुग्दा उसले बुबालाई ढोकानेर खडा भएको पायो । “झोला खै ?” बुबाले रिसाउँदै सोध्नुभयो तर राजु केही बोलेन । त्यसपछि बुबाले राजुको झोला निकाल्नुभयो । त्यो देखेर राजु छक्क पर्‍यो । “कता गएको थिइस् ?” बुबाले फेरि प्रश्न गर्नुभयो । आफूले सोधेको यस प्रश्नको उत्तर पनि राजुले नदिँदा बुबाको अनुहारमा उदासीपना देख्न सकिन्थ्यो । दिनदिनैको यस्तो लापरबाहीबाट उसका बुबा थाकिसक्नुभएको राजुले पनि महसुस गर्‍यो । आफ्ना व्यवहारका कारण बुबा उदास हुनुपरेको बुबाको यो अवस्था देखेर राजु आफैँलाई पनि दुःख लाग्यो । उसले बुबासँग माफी माग्नुका साथै सत्य कुरा बतायो र अबदेखि यस्तो गल्ती नदोहोर्‍याउने सङ्कल्प पनि गर्‍यो । त्यसपछि उसको चञ्चल बानी पूरै नहटे पनि उसले त्यस्तो गल्ती भने कहिल्यै दोहोर्‍याएन । ■



# भयको तस्बिर

रमेश बिहान चारै बजे उठ्यो। आइतबारको दिन थियो। यति बेला रमेशको दैनिक उठ्ने समय त भएको थिएन तर त्यो दिन भने ऊ आफ्नो गाउँ जानुपर्ने भएकाले छिट्टै उठेको थियो। उसले हात मुख धोयो। ताजगी महसुस गरेपछि गाउँ जाने तयारी गऱ्यो। आफूलाई चाहिने सबै लुगाफाटो झोलामा हाल्यो र एउटा छुट्टै सानो पर्समा आफ्नो ब्रस, मञ्जन हाल्यो। त्यति गर्दा गर्दै ६ बजिसकेको थियो।

उसले खाना पकायो र खाएर साँढे सात बजे झोला बोक्यो। मूल ढोकामा भोटे ताल्चा लगाएर सल्लेरीदेखि गाउँसम्मको आफ्नो यात्रातर्फ अघि बढ्यो। ऊ हिँड्दै केही

समय अघि बढेपछि गाडी पनि आइपुग्यो। ऊ गाडीमा चढ्यो र आफ्नो सिटमा बस्यो। ठाउँठाउँमा खाजा खान विश्राम लिँदै दस बजेतिर गाडी जाने ठाउँको अन्तिम विन्दुमा पुगेर गाडी रोकियो।

त्यहाँबाट भने यात्रीहरू आफैँ हिँड्नुपर्ने थियो। छेउछाउका पसलबाट बाटामा आवश्यक पर्ने पानी, खाजा किनेर सबै जना अघि बढे। आफ्नो बासस्थान आएपछि मानिसहरू समूहबाट बिदा लिँदै जान्थे। यसरी नै छुट्टिने क्रममा अन्त्यमा रमेश र राम दुई जना मात्र बाँकी रहे। ६ बजिसकेको थियो। त्यसैले उनीहरू विश्राम नगरी अघि बढिरहे। ३० मिनेटको हाराहारीमा रामको घर पनि आयो।

“ल मेरो घर त यही हो, रात परिसक्यो आज यहीँ बस्नुहुन्छ त ?” रामले सोध्यो। “होइन, बुबाआमा छोरो आउँछ भनेर बाटो हेरेर बस्नुभएको हुन्छ म अहिले जान्छु।” रमेशले भन्यो। “हुन्छ नि त त्यसो भए। ल शुभयात्रा” त्यसपछि रमेश फेरि आफ्नो बाटो लाग्यो। हिँड्दा हिँड्दा घना जङ्गल आइसकेको थियो। रातको समय भएकोले डर त लागेको थियो तर पनि ऊ निरन्तर अघि बढिरह्यो। अचानक उसले ‘न्याट्याक न्याट्याक’ आवाज सुन्यो। ‘ए, मान्छेहरू अझै त बाँस काट्दै रहेछन्। म चाहिँ किन डराउनु ?’ उसले मनमनै सोच्यो।

अब भने ऊ विना कुनै डर अघि बढ्न थाल्यो। तर ऊ जति नै अघि बढे पनि त्यो आवाज भने न त रोकियो न त सानो नै भयो। ऊ फेरि डराउन थाल्यो। आनन्दले हिडिरहेको रमेश अब सकेजति छिटो दौडिन थाल्यो। ऊ दौडेको दौड्यै थियो तर त्यो आवाज भने जस्ताको त्यस्तै रह्यो। दौडेका कारणले जङ्गल अलि छिटै पार भयो। जङ्गल कटेर करिब १० मिनेटको हिँडाइपछि ऊ घर पुग्यो। उसलाई देखेर उसका आमाबुबा निकै खुसी हुनुभयो।

“बाबु, तँ आइस् ? ल झोला दे। म तेरो कोठामा राखिदिन्छु। तँ हातखुट्टा धोएर आइज,” आमाले भन्नुभयो। रमेशले त्यसै गऱ्यो। त्यसपछि खाना खान भान्सामा पस्यो। जङ्गलमा भएको घटनाको बारेमा उसले आमाबुबालाई नबताउनु नै उचित ठान्यो। छिटो छिटो खाना खायो र केही समय गफ गरेर ऊ सुत्न गयो। ओछ्यानमा ढल्किए पनि निकै बेर ऊ निदाउन भने सकेन। एक-दुई घण्टा यताउता गरेपछि आफू निदाएको पत्तै पाएन। अर्को दिन रमेश सबेरै उठ्यो र छरछिमेकमा भेटघाट गर्न गयो। त्यसपछि ऊ आफ्ना साथीहरूसँग भेटघाट गर्न गयो।

“कहिले आइस् रमेश ?” अञ्जनाले सोधी।

“हिजो राति आइपुगेँ।”

"कहिलेसम्म बस्छस् त ?"

"खै ! अब बस्छु होला दुई-तीन दिन । बिहीबार जान्छु कि ।"

"ए, हामी चाहिँ शुक्रबार जान्छौँ । शुक्रबारै जाऔँ न त । नौ जना होइन्छ हामी ।"

"हो हो शुक्रबार नै जाऔँ रमेश," रुजितले पनि भन्यो ।

"हुन्छ नि त," रमेशले सहमति जनायो ।

त्यसपछि रमेश फेरि घर गयो र खाना खायो । त्यस दिन घरमा कमेरो छेप्ने कार्यक्रम भएकाले उसले पनि त्यस काममा सहयोग गऱ्यो । कामको व्यस्ततामा रमेशले हिजो जङ्गलमा घटेको घटनाका बारेमा खासै याद गरेन । नभन्दै शुक्रबार पनि आयो । ऊ बिहान चार बजे नै उठ्यो । घरबाट छिटै निस्किने योजना भएकाले उसले सबै कुराहरू अगाडि नै तयारी गरिसकेको थियो । त्यसैले उसले फटाफट हातमुख धोएर लुगा लगायो । आमाबुबाले टीका लगाइदिनुभएपछि झोला बोकेर घरबाट हिँड्यो । बाटामा उसले आफ्ना साथीहरूलाई भेट्यो । गाडी चढ्न उनीहरू बासपुरासम्म पुग्नुपर्ने थियो । उनीहरू हिँड्दाहिँड्दा फेरि त्यही जङ्गलमा आइपुगे । आज पनि रमेशले पहिलाझैँ त्यस्तै 'ऱ्याट्याक ऱ्याट्याक' आवाज आएको सुन्यो । यो सुनेपछि रमेश झसङ्ग भयो । "यो आवाज त मैले अस्ति पनि सुनेकी थिएँ," अञ्जनाले भनी ।

"मैले पनि," रमेशले सहमति जनायो ।

"हामीले पनि," बाँकी सातजनाले पनि सहमति जनाए । अब फेरि सबैको मनमा डर पैदा भयो । आवाज सबैले सुनेका थिए तर केको आवाज हो भनेर चाहिँ कसैलाई थाहा थिएन । बिहानैको समय भएकाले अँध्यारो पनि थियो । के चाहिँ होला त भनेर रमेशले पत्ता लगाउने निर्णय गऱ्यो । ऊ यताउता हिँड्यो । एउटा निश्चित दिशातर्फ लागेपछि उसले आवाज झनै ठुलो र नजिक आउँदै गरेको महसुस गऱ्यो । रमेश त्यस दिशातर्फ अघि बढ्दै थियो भने साथीहरू उसको पछिपछि लाग्दै थिए । अलिकति अगाडि गएर हेर्दा त्यहाँ त पानी घट्ट पो रहेछ । त्यो देख्ने बित्तिकै सबै जनाले त्यो आवाज केको रहेछ भन्ने थाहा पाए । सबै जना केहीबेर आफ्नो बेवकुफीमा हाँसे र फेरि अघि बढे ।

त्यस दिनदेखि त्यो बाटोबाट आवतजावत गर्ने वेलामा तिनीहरूको मनबाट भयको तस्बिर सदाको लागि हट्यो । ■



# भैरवको फिर्ती

भैरव घरको एक्लो छोरो थियो । केही वर्ष अघि आमाबुबा दुवैको निधन भएपछि ऊ साँच्चै एक्लो भएको थियो । भैरव गाउँमा किसानी गर्थ्यो । ऊसँग थोरै पाखोबारी थियो तर त्यहाँको उब्जनीले जीविका गर्न कठिन थियो । आफ्नो अभावग्रस्त परिस्थतिसँग ऊ वाक्कदिक्क भएको थियो । आफ्नै बारीमा फलेको र आफूलाई पुगेर बचेको तरकारी र फलफूल बेच्नका लागि उसले घरैमा सानोतिनो तरकारी पसल पनि खोलेको थियो । बिहान उठ्ने बित्तिकै ऊ खेततिर लाग्थ्यो र रात नपरुन्जेलसम्म त्यहीँ काम गरिरहन्थ्यो विचरा भैरवको छुट्टी भने कहिल्यै हुँदैनथ्यो ।

“ए भैरव । आइज ऊ पारितिर जाम्,” हेमन्तले भन्यो ।

“अहिले त नजाम् होला । अलिकति काम बाँकी नै छ,” भैरवले जवाफ दियो ।

“कति गर्छस् हो काम ? एक छिन गएर आम् आइज,” हेमन्तले फेरि भन्यो ।

"लौ त लौ," भैरव पनि हेमन्त सँगै हिँड्यो । "अनि भैरव व्यापार कस्तो चल्दै छ त ?" हेमन्तले सोध्यो । "के हुनु, बिहान बेलुकाको छाक टार्न मात्र पुग्छ । मलाई त यो व्यापार पनि छाडिदिऊँ जस्तो लागिसक्यो । बिहानदेखि बेलुकासम्म दुःख गऱ्यो, पैसा भने आउँदैआउँदैन । बरु विदेश गएर यत्तिकै मिहिनेत गर्ने हो भने कति कमाउथेँ होला ।"

"हैन हो भैरव, कस्तो कुरा गर्छस् ? कहाँ विदेश जानु, बरु यतै बसेर व्यापार धान्, आफ्नै घर छदै छ ।"

"हैन काम गरेपछि त त्यसबापतको आम्दानी पनि भए पो ।"

"विदेश गए पनि चिनेको कोही हुँदैन । बिरामी परे अस्पताल लगिदिने कोही हुँदैन, तैँले सोचेजस्तो सजिलो हुँदैन नि भाइ त्यहाँ पनि ।"

"जिन्दगीभरि बस्ने त कहाँ हो र ? अलिकति पैसा कमाएपछि आइहाल्छु नि । बरु तैँले यसो कोही चिनेको छस् भने भन् क्यारे ।"

"हुन त म तेरो निर्णयसँग खुसी छैन तर पनि तँ त्यस्तो रहर गर्छस् भने मेरो एउटा साथी छ । भनेजति रकम बुझाएपछि विदेश पठाइदिन्छ । बरु जाने चाहिँ कता हो त ?"

"धेरै मान्छे दुबइ जान्छन् केरे, त्यतै मिलाइदे न ।"

त्यस रात भैरवलाई मज्जाको निद्रा लाग्यो । आफू विदेश गएर प्रशस्त धन आर्जन गर्ने सोच र कल्पनाले ऊ प्रफुल्ल भयो । बिहान हुने बित्तिकै भैरव दौडँदै हेमन्तका घरतिर लाग्यो । "हेमन्त ! ए हेमन्त !" भैरव चिच्यायो ।

"के भयो हँ ?" हेमन्त तर्सिंदै बिउँझियो ।

"हैन के भयो ?" उसले फेरि तल झर्दै भन्यो ।

"कुरा गरिदिइस् ? कति पैसा लाग्छ रे ?"

"ए ! अँ, दुई लाख लाग्छ रे ।"

"दुई लाख ?" हेमन्तले ठुलाठुला आँखा पारेर भन्यो ।

"हेर, एक पटक फेरि राम्ररी सोच, पछि गाह्रो पर्ला । विदेश नै जानुपर्ने आवश्यकता केही छैन । त्यत्रो पैसा तिरेर विदेश जानुभन्दा त यतै बसेको राम्रो हैन र ?"

"हैन हैन, म जान्छु यार ।"

"यता पनि गरी खाएकै छस् त । त्यत्रो पैसा तिरेर विदेश जान किन मरिहत्ते गर्छस् ?"

भैरव केही बोलेन ।

"अहिले घर जा । म पछि तँलाई भेट्न आउँला ।"

भैरव घरको दलानमा बसिरहेको थियो । हेमन्त छेउमा गएर बस्यो र सोध्यो ।

"के सोचिस्, के निर्णय गरिस् त ?"

"सके जति सबै गरे जम्मा एक लाख भयो ।"

"बाँकी एक लाख के गरी मिलाउँछस् त ?"

"अब म नै यहाँ नरहने भएपछि यो खेतको के काम ? यसैलाई बेचिदिन्छु नि ।"

"हैट् हुँदैन ! यस्तो उर्वर जमिन छ । बालीनाली पनि राम्रै फल्छ । कहाँ यत्तिकै बेचिदिने कुरा गरेको, भैगो बाँकी एक लाख मै हालिदिम्ला । खेतसेत बेच्नु पर्दैन ।"

आफ्नो साथीको यस्तो प्रतिक्रिया सुनेर भैरवका गहभरि आँसु भरियो । ढिला नगरी भैरवले पैसा बुझायो । अब ऊ दुबईसम्मको आफ्नो यात्राको लागि तयार भयो । दुई दिनपछि नै ऊ दुबईलाई आफ्नो गन्तव्य बनाउँदै प्लेनमा चढ्यो ।

दुबई पुगेपछि भैरव दिनरात दुःख गर्न थाल्यो । ऊ पैसा पनि राम्रै कमाउँदै थियो । अत्यधिक कामका धपेडीले गर्दा एक दिन भैरव बिरामी पऱ्यो । देश छाडेर आएको त्यति धेरै पनि भएको थिएन । उसका कोही साथीहरू पनि थिएनन् । बिरामी पर्दा अस्पताल लगिदिने पनि कोही थिएन । धेरै बिरामी परेर ओछ्यान नै परिसकेपछि उसलाई कसैले अस्पताल लगिदिएछ । अस्पतालमा सरसफाइ गर्ने एक जना नेपालीसँग उसको परिचय भयो । उसको नाम शिवराम थियो ।

अस्पतालबाट निको पारेर बाहिर निकाल्न शिवरामले भैरवलाई ठुलो सहयोग गऱ्यो । उनीहरूबिचको मित्रता निकै बढ्यो । उनीहरुसँगै बस्न थाले । फुर्सदको समयमा उनीहरूसँगै मिलेर युट्युबमा 'हेर्ने कथा' हेर्थे । त्यहाँ धेरै मानिसहरूले नेपालमा नै बसेर विभिन्न क्षेत्रमा लगानी र परिश्रम गरेर सफलता हात पारेका सफलताका कथा सुन्न पाए । त्यहाँबाट उनीहरूलाई पनि नेपालमै फर्केर केही गर्ने आँट बढ्यो । दुवै जना साथीहरू स्वदेश फर्किने निष्कर्षमा पुगे ।

नेपाल फर्केर उनीहरूले आफ्नै जग्गामा तरकारी खेती गर्न थाले । भैरव र शिवराम स्वदेश फर्केपछि यता हेमन्त पनि खुसी भयो । कृषि पेसामा उनीहरू तीनै जनाले सहकार्य गरे । आठ-दशवटा गाई पनि पाले । धेरै लगानी गर्नुपरेकाले सुरुमा उनीहरूलाई अलि गाह्रो भयो । पछि उनीहरूले तरकारी र गाईको दुध बेचेर मनग्य आम्दानी गर्न थाले । उनीहरू परिश्रम गरे स्वदेशमै केही गर्न सकिने रहेछ भन्ने निष्कर्षमा पुगे ।

अहिले त उनीहरू लाखौँ खर्च गरेर विदेश जाने र विदेशमा गएर चर्को दुःख गर्ने मनस्थितिमा रहेका मानिसहरूलाई स्वदेशमै बसेर केही गर्नको लागि आग्रह गर्दछन् । मेहनत र परिश्रम गरे स्वदेशी माटोमा नै सुन फलाउन सकिने कुरा बताउँछन् र स्वदेशमै केही उद्यम गर्न प्रेरणा दिन्छन् । ■



# मनको बाघ

"ल गयौँ है त रीता ।" बाआमाले एकै स्वरमा भन्नुभयो । "हस्" छोरीले जवाफ दिइन् ।

रीताका आमाबुबा जरुरी कामका कारण बिहान सबेरै बाहिर जानुभएको थियो । ठाउँ अलि टाढा भएकाले रीतासँग अर्को दिन बिहानै आउने बाचा गर्नुभएको थियो । आमाबुबा निस्केपछि रीताले आफ्नो नित्यकर्म पूरा गरिन् र विद्यालय जान तयार हुन थालिन् । त्यति बेलै खाना पाकेको सङ्केत गर्दै कुकरको सिटी बज्यो । उनी भान्साकोठामा गइन् र ग्यास बन्द गरिन् । उनले खाना पस्किन् र खाएर आफू पनि विद्यालय तर्फ लागिन् ।

दिनभरि विद्यालयमा मिहिनेत गरेर पढेपछि घर फर्किइन् । घर आइपुगेपछि हातखुट्टा धोइन्, खाजा खाइन् र गृहकार्य गर्न थालिन् । राति खाना खाएर सुत्दा त १२ बजिसकेछ । उनले बत्ती निभाइन् र ओछ्यानमा गएर पल्टिइन् । उनी निदाउनै लागेका बेलामा उनले केही


वस्तु आफूतर्फ आएको महसुस गरिन् । 'टक्टक् टक्टक्' आवाज सुन्दा त यस्तो लाग्थ्यो कि कोही उनीतर्फ आइरहेको छ । उनी जुरुक्क उठिन् र कराइन् "को हो त्यो ?" तर जवाफ भने आएन ।

उनी केही समयसम्म उठिरहिन् र यताउता हेरिन् तर कोही नदेखेपछि उनी फेरि सुत्न गइन् । निदाउनै लागेकी थिइन् तर फेरि त्यही आवाज आउन थाल्यो । 'टक् टक् टक् टक्' गर्दै यो आवाज भान्सामै पसेको उनले महसुस गरिन् । उनी तन्द्रावस्थामा थिइन् तर उनलाई यो महसुस भइरह्यो कि कोही मानिस बिस्तारै उनको कोठामा प्रवेश गऱ्यो, उसले चिया पकाउने सानो दिउरी निकाल्यो, आगो बाल्यो र चिया पकाएर फेरि उनीतर्फ नै पाइला बढायो । रीता झल्यास्स बिउँझिएर उठिन् । घर शान्त थियो, परिवेश शून्य थियो तर अघि तन्द्रावस्थामा महसुस भएको सबै कुरा के थियो ?

रीता यसपालि चाहिँ खाटमुनिको खुकुरी निकालेर त्यही तेर्स्याउँदै अगाडि बढिन् । "को हो त्यो ?" उनी कराइन् । यस पटक पनि कतैबाट कुनै जवाफ आएन । भान्सामा गएर हेरिन् । सबै सामान जस्ताको तस्तै थियो । रातभरि उनी डरले सुत्न सकिनन् बिस्तारै उज्यालो भयो ।

उज्यालो हुँदै गएपछि उनमा डर कम भइसकेको थियो । त्यसैले के चाहिँ रहेछ भनेर उनी यताउता खोज्न थालिन् । पछि गएर हेर्दा त त्यो त घडीको टिक्टिक् गरेको आवाज पो रहेछ । रातमा रीता जति बेला जागा हुन्थिन् त्यति बेला घडीको टिक्टिक् आवाज घडीकै स्वाभाविक आवाजका रूपमा महसुस गर्दिरहिछिन् । जब उनी बिस्तारै तन्द्रावस्थामा प्रवेश गर्थिन् त्यही स्वाभाविक आवाज कुनै मानिसको चालझैँ ठान्न पुग्दिरहिछिन् । रहस्यको पर्दा खुलेपछि उनमा अनौठो आनन्दको अनुभूति भयो ।

आमाबुबा पनि केही समयपछि घर फर्किनुभयो । रीताले आमाबुबालाई त्यस घटनाका बारेमा बताइन् । त्यो सुनेर उहाँहरू पनि मज्जाले हाँस्नुभयो । आमाले भन्नुभयो, "छोरी, हेर न डराउनेलाई त डरैले खेद्दो रहेछ त हगि !" बाबाले थप्नुभयो, "वनको बाघ त कता छ कता मनकै बाघले पो सताएछ ।" हिजोको रीताको त्यत्रो भय आज सबैका लागि हाँसोको विषय भयो । ■



# मिहिनेती रमा

"बुबा हेर्नु त, मैले हजुरको बारेमा कथा लेखेकी," रमाले खुसी हुँदै भनी । मोबाइलमै व्यस्त बुबाले रमा कोठामा छिरेको पनि थाहा पाउनुभएन ।

रमाले फेरि भनी, "बुबा हेर्नु न ।" रमा कराएको सुनेर बुबा झसङ्ग हुनुभयो । "आ ! कति कराउँदी रहिछे ? एकछिन चुप लागेर बस् ।" बुबाको यस्तो प्रतिक्रिया सुन्दा रमाको हँसिलो मुहारमा तुरुन्तै निराशा छायो । ऊ झोक्किँदै कोठाबाट बाहिर निस्किई । बाबाले आफ्नो कार्यप्रति रुचि नदेखाएको कारण रमा आमाका छेउमा गई ।

"आमा, हेर्नु न मैले लेखेको कथा ।" रमाले भनी । तर, भान्सा कोठामा लागेको कुकरको सिठ्ठीको चर्को आवाजमा उसको आवाज त त्यहीँ बिलायो ।

"के रे ?" आमाले सोध्नुभयो । "हेर्नु न मैले लेखेको कथा" कापीमा लेखिएको कुरा देखाउँदै रमाले भनी । आमाले एकैछिन यसो हेर्नुभयो र भन्नुभयो, "हैन, यो के नचाहिँदो काम गर्दै बसेकी हँ ? जा गएर स्कुलमा पढ्नुपर्ने किताब पढ्न बस् ।"

आमाले पनि यसो भन्दा त रमा छाँगाबाट खसे जस्तै भई । पढाइबाहेक अरू केही गर्दा समय खेर नफाल् भनेको सुन्दै आएकी रमाका लागि यो पल पनि त्यति नौलो थिएन

तर दु:खदायी अवश्य थियो । जीवनमा विभिन्न परिस्थितिको सामना गर्दा आफूले सोचेभन्दा विपरीत भएपछि जो कोहीलाई पनि दु:ख लाग्नु स्वाभाविकै हो । त्यो समय रमालाई पनि त्यस्तै लागिरहेको थियो । अन्धकारमा प्रकाश छर्ने आमाबुबाले नै आफ्नो रुचिलाई दबाउन लगाएर अन्धकारमा धकेल्न खोजेजस्तो आभास भएपछि रमालाई आमाबुबाले मलाई माया गर्नुहुन्न जस्तो लाग्नु पनि स्वाभाविकै थियो ।

एक हप्ता बितिसकेको थियो । अब भने रमामा परिवर्तन आइसकेको थियो । पहिलेकी ज्ञानी, असल र मिलनसार रमा अहिले कसैसँग पनि बोल्दिनथी । "हैन के भएको रमा तँलाई हँ ? किन कोहीसँग बोल्दिनस् ?" बुबाले यसो भन्दा रमा सरक्क उठी र भनी, "केही पनि भएको छैन । म पढ्न गएकी है ।" दिन त्यसै गरी बित्दै थिए । एक शनिबार रमाका मामाघरका हजुरबुबा उनीहरूकहाँ आउनुभयो । सधैँ उमङ्ग र उत्साहले भरिएकी आफ्नी नातिनीलाई आज केही नबोली बसिरहेको देख्दा उहाँ छक्क पर्नुभयो । "हेर्नु न बुबा, एक हप्ता भइसक्यो कोहीसँग राम्ररी बोलेको छैन । के भयो भन्दा पनि केही बोल्दिन," आमाले भन्नुभयो ।

हजुरबुबाले रमालाई बोलाउनुभयो र गोजीबाट चकलेट निकालेर दिनुभयो । "भन त के कुराले तिम्रो चित्त दुख्यो," हजुरबुबाले सोध्नुभयो । केहीबेरसम्म सोधेपछि रमाले आफ्नो मुख खोली, "आमाबुबाले मलाई माया नै गर्नुहुन्न ।"

"तिमीलाई किन त्यस्तो लागेको ?" हजुरबुबाले फेरि सोध्नुभयो । "मैले पढाइबाहेक अतिरिक्त क्रियाकलापमा रुचि देखाउँदा आमाले गाली गर्नुहुन्छ र बुबा त मैले गरेको कुनै पनि कामको मतलब नै गर्नुहुन्न ।"

त्यो सुनेपछि हजुरबुबाले निधार खुम्च्याउँदै भन्नुभयो, "सुन्यौ तिमीहरूले ? तिमीहरूले गरेको यस्ता लापरबाहीले बालमस्तिष्कमा कस्तो असर पर्दो रहेछ ?"

"मलाई माफ गरिदेऊ छोरी । तिम्रै भविष्य उज्ज्वल बनाउन चाहेकी मलाई तिमीले पढाइमा मात्र ध्यान दिए हुन्थ्यो जस्तो लाग्यो ।" आमाले भन्नुभयो ।

"मलाई पनि माफ गरिदेऊ । मैले पनि आफ्नै कामको व्यस्ततामा तिमीलाई चाहिँदो ध्यान दिन सकिनँ ।" बुवाले त्यसो भनेपछि दुवै जनाले एकै स्वरमा भन्नुभयो, "हामीलाई माफ गरिदेऊ छोरी ।" त्यो देखेर रमाको मुहारमा मुस्कान देखियो ।

"हेर्नुस् आमाबुवा, मैले लेखेको यो कथा कस्तो छ ?" रमाले भनी । "साह्रै राम्रो," आमाले भन्नुभयो । बुवाले पनि 'तिमीले लेखेको कथा फेरि सुनाऊ न छोरी' भन्नुभयो । रमाले कथा सुनाई । ध्यानपूर्वक कथा सुनिसकेपछि उहाँले भन्नुभयो, "स्याबास् छोरी, तिम्रो यस्तो मिहिनेत गर्ने बानी सधैँ रहोस् ।" रमालाई अब भने आमाबुवाले माया गर्नुहुन्न जस्तो कहिल्यै पनि लागेन । ■



# स्वर्ग जाने बाटो

सशस्त्र युद्धका कारण देशमा सङ्कटकाल लगाइएको बेला थियो । टाढा हिँडडुल गर्न सहज थिएन । दसैँ आउन लागेको थियो । दसैँमा घर जानु कि नजानु भन्नेमा राजुलाई दोधार नै थियो । राजुकी आमाले त यो सङ्कटकालका बिच दसैँ भनेर घर नआउन उसलाई खबर पठाइसक्नुभएको थियो । रमा, गङ्गा, राजु र हरि चार साथी क्याम्पसको प्राङ्गणमा उभिइरहेका थिए ।

"आज नजिकै कतै डुल्न जाऔँ न," रमाले भनी ।

"हो, मलाई पनि त्यही लागिरहेको छ ।" गङ्गाले पनि भनी ।

"भक्तपुरको दुवाकोटतिर जाऔँ । यसो डुल्न पनि पाइन्छ, हरिया मकै पनि पाइयो भने लिएर आउन पनि हुन्छ," रमाले प्रस्ताव राखी ।

सबै जनाको सहमतिपछि उनीहरू भक्तपुरतिर हिँडे । रत्नपार्क पुगेर बस चढे । बस चढेको पैँतालिस मिनेटपछि उनीहरू सरस्वतीखेलमा पुगेर गाडीबाट झरे अनि हिँड्न थाले ।

सडक खालीखाली नै थियो । टाढासम्म उनीहरूले खासै मानिसहरू देखेका थिएनन् । केहीबेर अझै हिँडेपछि उनीहरूले नजिकैको खेतमा काम गरिरहेकी एक महिलालाई देखे ।

"यो बाटो कहाँ जान्छ दिदी ?" राजुले सोध्यो ।

"स्वर्ग जान्छ," जिस्केको भन्ठानेर होला ती महिलाले उटपट्याङ जवाफ दिइन् । उनीहरू अघि बढिरहे । केही पर बस्तीमा गएर उनीहरू घरघरै 'हरिया मकै पाइन्छ ?' भनेर सोध्दै हिँडे । गस्तीमा हिँडेको सुरक्षा फौजले उनीहरूका शङ्कास्पद गतिविधि चाल पाएपछि घेरा हालिसकेछ । अब फर्कौं भनेर उनीहरू सडकतिर निस्किन मात्र के लागेका थिए सुरक्षा टोलीले झ्यापझुप पक्रेर ट्रकमा पो हाल्यो ।

अलि पर चौतारामा पुऱ्याएर उनीहरूलाई सोधपुछ गर्न थालियो । सबैभन्दा पहिले रमालाई बोलाएर प्रश्न सोध्न थाले । बाँकी तीन जना चाहिँ रमा आएपछि के के सोधियो थाहा पाउने र त्यहीअनुसार उत्तर दिने सोचमा थिए तर रमालाई त सुरक्षाकर्मीले फेरि त्यो समूहमा जान नै दिएनन् । यसरी नै बाँकी तीन जनाको पनि सोधपुछ गरे र सोधपुछपछि गाडीमा राखेर तिनीहरूलाई गणमा लगियो ।

गणमा पुऱ्याएर उनीहरूलाई प्रतीक्षालयमा राखियो । त्यति बेला साँझ परिसकेको थियो । त्यसैले अँध्यारो थियो । गणको गेटमा एक सशस्त्र सुरक्षाकर्मी ड्युटीमा थिए । अँध्यारोका कारण उनको आकृति मात्र देख्न सकिन्थ्यो, अनुहार भने देख्न सकिँदैनथ्यो ।

"यहाँ कसरी आयौ तिमीहरू ?" उनले सोधे ।

"हामी त मकै किन्न मात्र गएका थियौँ तर हामीलाई त यहाँ पो ल्याइयो ।" राजुले भन्यो । राजुको उत्तर आउन नपाउँदै उनले भने, "अब तिमीहरू चारवटा रुखका लागि मल बन्ने भयौ ।" त्यो सुनेपछि त सबै जना डरले काम्न थाले । दसैँ केही दिनपछि मात्र थियो । उनीहरूले अब छिटै आउन लागेको दसैँमा गाउँ गएर रमाउँला भन्ने सोचेका थिए । यस्तो सुनेपछि त उनीहरूको मुटु नै चिसो भयो । सबै जनाले आँखा चिम्लिए र आफ्ना आमा, बुबा र परिवारको बारेमा सोच्न थाले । उनीहरूले अघि बाटो सोध्दा महिलाले दिएको जवाफ 'स्वर्ग जाने बाटो' भनेको कुरा पनि झलझली सम्झे र कुनै अनिष्टको अनुमानमा झन डराए ।

केही समयपछि गेटका ती सुरक्षाकर्मीको ड्युटी परिवर्तन भयो । अँध्यारोको कारण नयाँ सुरक्षाकर्मीको पनि अनुहार देख्न सकिँदैनथ्यो । "तपाईंहरू यहाँ कसरी आउनुभएको ?" उनले सोधे ।

"मकै किन्न गएका थियौँ तर यहाँ पो ल्याउनुभयो," यस पटक गङ्गाले भनी । गङ्गाको आवाजमा डर भएको प्रस्टसँग थाहा हुन्थ्यो । "तपाईंहरू चिन्ता नगर्नुस् । त्यहाँ तपाईंहरूलाई एक एक जना गरेर प्रश्न सोधिनेछ । साँचोसाँचो जवाफ दिनुस् । कसैलाई केही हुँदैन । तर झुटो चाहिँ नबोल्नुहोला त्यसले गाह्रो पर्न सक्छ ।" उसको यस्तो सल्लाह सुनेर चारै जनालाई अलिकति भए पनि डर कम भएजस्तो लाग्न थाल्यो ।

तिनीहरू त्यहाँ बसेको करिब आधा घण्टाको समयपछि त्यहाँ सेनाहरू आए र एक एक गरेर उनीहरूलाई प्रश्न सोध्न थाले । सबैभन्दा पहिला रमाको पालो आयो त्यसपछि राजु, गङ्गा र हरिको पालो आयो । उनीहरू झुटो बोल्दा हुने खतराको बारेमा सचेत थिए त्यसैले उनीहरूले साँचो साँचो उत्तर दिए । एकछिनपछि त्यहाँ सेनाका क्याप्टेन प्रवेश गरे । "किन बाहिर निस्किएका तिमीहरू ?" उनले सोधे ।

"हामी त मकै किन्न मात्र निस्किएका थियौँ सर," हरिले भन्यो । अरू सबैले उसको कुरामा सहमति जनाए । "यस्तो समयमा पनि बाहिर निस्किने हो ? धन्न तिमीहरूलाई यहाँ ल्याइयो नत्र त्यहीँ प्रहार गरेको भए के गर्थ्यौ ?" उनले बेस्सरी गाली गरे । "यसपालि भइहाल्यो । अबदेखि यस्तो भुल कहिल्यै नगर्नू । ल अब अहिले रात परिसक्यो आज यतै बस्छौ कि जान्छौ ?" पहिले नै त्यति डराएका तिनीहरूले एकै स्वरमा भने "अहिल्यै जान्छौँ हामी ।" यतिन्जेल रातको १२ बजिसकेको थियो । बाहिर ठुलो पानी परिरहेको थियो । उनीहरू अहिल्यै जान चाहेपछि सुरक्षा गणले उनीहरूका बासस्थानसम्म पुग्न गाडी प्रबन्ध गरिदियो । उनीहरू सबै जना गाडीमा बसे । बस्ने बित्तिकै गाडी चल्यो । तीव्र गतिमा चलेको गाडीले १० मिनेट नहुँदै उनीहरूलाई घर नजिकै पुऱ्याइदियो । उनीहरू खुसी हुँदै आआफ्नो घरको बाटोतिर लागे ।

त्यति बेला घटेको यो घटना उनीहरूको जिन्दगीको बिर्सिनै नसकिने घटना त बन्न पुग्यो नै साथै यस घटनाका कारण उनीहरूलाई समय र परिस्थितिको हेक्का राखेर मात्र कदम चाल्नुपर्छ भन्ने गहिरो ज्ञान पनि प्राप्त भयो । ■



# हर्कजितको सङ्घर्ष

मानिसहरू खास्खास् खुस्खुस् कानेखुसी गरिरहेको उनले सुनिन् । 'विचरा ! के भएको होला ? कति असल मान्छे थियो है ?' मान्छेहरूका यस्ता कुरा सुन्दै उनी अगाडि बढिन् । कसलाई के भएको होला भन्ने जिज्ञासा उनमा बढ्दै गयो । अलि पर पुगेपछि उनले मान्छेको हुल देखिन् । उनी आफ्नो जिज्ञासाको अन्त्य गर्न त्यतैतिर लागिन् । त्यहाँ पुगेर रगतमा लतपतिएर पल्टिरहेको मान्छे देखिन् । को होला भन्ने जिज्ञासा उनमा झन् तीव्र भएर आयो । नजिकै पुगेर त्यो ढलेको मानिसको अनुहार जब देखिन् । एक्कासि उनले टेकेको धर्ती भासिएझैँ, आकाश फाटेझैँ महसुस भयो, आँखा बन्द भए । त्यति बेला उनी अकस्मात् बेहोस भइन् । बिउँझँदा उनी अस्पतालको ओछ्यानमा थिइन् ।

कलावतीको एक सुखी परिवार थियो । दुई छोरा र एक असल श्रीमान्का साथ सबै जना खुसी थिए तर अचानक घरको खम्बा ढलेपछि स्वर्गसरि परिवार अचानक वज्रपात खेप्न बाध्य भयो ।

झलमल्ल घाम लागेको थियो । चराचुरुङ्गी उडिरहेका थिए । माहोल साह्रै रमाइलो थियो । बेलुका जानुपर्ने भोजको तयारी बिहानैदेखि जारी थियो । कलावतीको छोरा हर्कजित पनि मक्ख पर्दै गृहकार्य गर्दै थियो । त्यत्तिकैमा दिउँसोको ३ बज्यो । "आमा, म कुन कपडा लगाऊँ ?" हर्कजितले उत्साहका साथ सोध्यो ।

"यी यो लगाऊ छोरा, तिमीलाई सुहाउँछ ।" कलावतीले दराजबाट एक जोडी कपडा निकाल्दै भनिन् । हर्कजितका बुबा सानो छोरालाई तयार पार्दै थिए । आमा चाहिँ कपडा लगाएर तयार हुन कोठातिर लाग्नुभयो । सबै जना तयार भइसकेपछि भोजतर्फ लागे । भोजमा गएको करिब एक घण्टापछि कलावती आफ्नो सानो छोरालाई साथमा लिएर घर फर्किइन् भने कलावतीका पति र ठुलो छोरा हर्कजित अलि पछि घर जाने भनेर त्यहीँ बसे । रातिको करिब ११ बजेतिर हर्कजितलाई पनि घर पठाएर उसका बुबाचाहिँ अझैँ केही बेर त्यहीँ बस्ने निर्णय गरेर बसे ।

त्यो रात हर्कजितका बुबा घर फर्केनन् । कलावतीले आफ्ना दुई छोराका साथ रात बिताइन् । छिट्टै बिहान पनि भयो । उनले आफ्ना साना छोराहरूलाई बिहानको खाजा खुवाइन् । यति बेलासम्म पनि आफ्ना पति घर नआइपुग्दा कलावती चिन्तामा परिन् । छोराहरूलाई 'घरमै बस है' भनेर कलावती बाहिर निस्किइन् । बाहिर निस्किएको केही बेरमै उनले जे नहुनुपर्ने थियो त्यही भइसकेको दृश्य देख्न बाध्य भइन् । आफ्ना प्रिय पतिको अकल्पनीय मृत्युको त्यो विभत्स दृश्य देखेर उनी बेहोस भएकी थिइन् ।

पतिको मृत्युपछि सबैभन्दा बढी चिन्ता कलावतीलाई टुहुरा भएका आफ्ना छोराहरूको थियो । घरको कमाउने मुख्य मान्छे नै नभएपछि आफ्ना साना छोराहरूलाई कसरी पढाउने होला, के खुवाउने होला भन्ने चिन्ता कलावतीको मनमा थियो । हर्कजित त्यति बेला कक्षा ३ मा पढ्थ्यो । बाबाको मृत्युपछि घरमा आयस्रोतको कमी भएका कारण ऊ आफ्नो पढाइ छोड्न बाध्य भयो ।

कलावती त्यति पढेलेखेकी थिइनन् त्यसैले आफ्ना साना छोराहरूको पालनपोषणका लागि उनी सानोतिनो श्रम गर्न थालिन् । पैसाका अभावले गर्दा आफ्नो घर छोडेर उनी र उनका छोराहरू एउटा सानो कोठामा बस्नुपर्‍यो । त्यसरी नै उनले आफ्नो र आफ्ना

छोराहरूको जीविका चलाइरहेकी थिइन् । आफूले कमाउने थोरै पैसाबाट बचत गरेर उनले हर्कजितलाई सरकारी विद्यालयमा भर्ना गराइन् ।

कुनै पनि अभावको अनुभूति नगरी आफ्ना आमाबुबा र भाइसँग रमाएर सुखी बाल्यकाल बिताउने रहर त हर्कजितको पनि थियो तर रहरले मात्रै कहाँ हुँदोरहेछ र ? घरको वातावरणले गर्दा हर्कजितको पढाइ त्यति राम्रो हुन सकेन । परिवारमा उत्पन्न जटील परिस्थितिका कारण उसको पढाइ सोचेजस्तो नभए पनि बिस्तारै आफ्नो पढाइमा केही हदसम्म सुधार ल्याउँदै ऊ अगाडि बढ्यो । हेर्दाहेर्दै हर्कजितको एस.इ.इ. परीक्षा पनि आयो । घरको वातावरण त्यस्तो हुँदा पनि हर्कजितले आफ्नो परिस्थितिलाई आफू पछि पर्ने कारण बन्न दिएन । उसले दिलोज्यान लगाएर मिहिनेत गऱ्यो, परीक्षा पनि सकियो । परीक्षा सम्पन्न भएको दिनदेखि नै हर्कजित आफैले पनि घरको आर्थिक अवस्थाको सुधार गर्नका निमित्त काम गर्न थाल्यो । ऊ आफू धेरै अभावमा बाँचिरहँदा पनि आफ्नो भाइलाई चाहिँ उसले एउटा राम्रो विद्यालयमा भर्ना गरी पढायो ।

यसको करिब एक महिनापछि एस.इ.इ. परीक्षाको नतिजा प्रकाशन भयो । त्यसमा ऊ उत्कृष्ट नतिजा ल्याउन सफल भयो । उसको यो नतिजा देखेर ऊभन्दा बढी त उसकी आमा खुसी भइन् । यसपछि पनि उसले निरन्तर मिहिनेत गरिरह्यो । हर्कजित सानै उमेरमा काम, पढाइ र परिवारको जिम्मेवारीलाई आफ्नो काँधमा बोकेर आफ्ना रहरहरू थाती राख्दै घर परिवारको आवश्यकता पूरा गर्नका लागि बाध्य भयो । हर्कजितका जीवनका उकाली ओरालीमा धेरै मानिसहरू भेटिए तर पनि उसले खराब मानिसहरूको सङ्गत कहिल्यै गरेन । ऊ दिलोज्यान लगाएर काम गर्दै गयो । काममा पनि विभिन्न बिघ्नबाधाहरू आए होलान् तर उसले आफ्नो पढाइ र कामलाई समान तरिकाले अगाडि बढाउन सफल भयो । उसले निरन्तर गरेको मिहिनेतले गर्दा पछि उसले आफ्नो परिवारको स्थितिमा सकारात्मक परिवर्तन ल्याउन सफल भयो । यसरी बाल्यावस्थामा नै टुहुरो बन्न पुगेको हर्कजित आज आफ्नो अथक परिश्रमले आफू, आफ्नी आमा र आफ्नो भाइलाई ती उराठ लाग्दा समयबाट बाहिर ल्याउन सफल भयो ।

अहिले यति बेला हर्कजित बिहे गरेर आफ्नो परिवार र बालबच्चासँग आफ्नै सुखी संसारमा रमाइरहेको छ । छोरा हर्कजितको कर्म र इमानले आफ्नो परिवारमा फर्केको खुसीमा कलावती उसैगरी रमाएकी छिन् । ■